फोन नं. :- ०२३-४१२०४४

# गौरीगंज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगंज झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्या :०७४/०७५ मिति : २०७४/११/०९

चलानी नं. :

## सूचना ! सूचना !! सूचना !!!

गौरीगंज गाउं पालिकाको कार्यालय, कृषि विकास शाखा झापाको चालु आ.व. २०७४ /०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यवसायिक खेती गर्ने उधमी कृषक/ कृषक समुह/ कृषि सहकारी एवंम् कृषि फर्महरुलाई तपशिल अनुसारको कृषि यन्त्र उपकरणहरु अनुदान सहुलियतमा उपलब्ध गराईने कार्यक्रम रहेकाले ईच्छुक उल्लेखित कृषक समुह/ कृषि सहकारी/ कृषि फर्म/ कृषि उधमीहरुबाट देहाय अनुसार कागजात सहित मिति २०७४ साल फाल्गुन २३ गते भित्र गाउंपालिका अर्न्तगत कृषि विकास शाखामा माग निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | माग गर्ने कार्यक्रम वा मेशिनहरुको विवरण | संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | साना सिंचाई विधुतिय मोटर (२/३ एचपि) र मेशिन | ३७ वटा | १०० प्रतिशत वा २७०००। सम्म |
| २ | पावर टिलर | ५ वटा | ५० प्रतिशत वा रु १ (एक) लाख सम्म |
| ३ | मकै छोड्याउने मेशिन | २ वटा | ५० प्रतिशत वा रु ८०००।- सम्म |
| ४ | गोठ/भकारो सुधार | १० वटा | १००००।- सम्म |

**नोट :- उल्लेखित मेशिनरी वा कार्यक्रम मध्ये कुनै एक मात्र माग गर्न पाईनेछ साथै साना सिंचाईको हकमा अनुदान प्राप्त गर्न आफैले बोरिङ्ग गर्नु पर्ने छ।**

**माग निबेदन साथ सम्लग्न राख्नु पर्ने कागजातहरु (संस्था)**

- समुह/संस्था दर्ता तथा नविकरण प्रमाण-प्रत्रको प्रतिलिपी ।
- संस्थागत निर्णयको प्रतिलिपी ।
- उक्त कार्यका लागि खटाईएका व्यक्तिलाई संस्थाले दिएको अख्तियारी पत्र ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**माग निबेदन साथ सम्लग्न राख्नु पर्ने कागजातहरु (व्यक्तिगत)**

- रु १० को टिकट सहितको निवेदन ।
- नेपाली नागरिकताको प्रमाण-प्रत्रको प्रतिलिपी ।
- जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी वा भाडा, ठेक्कामा लिएको भए सम्झौता प्रत्रको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

प्रमुख प्रशासकिय अधिकृत